# महालेखापरीक्षकको
# वार्षिक प्रतिवेदन
# २०७९
## मानेभञ्ज्याङ गाउँपालिका
## ओखलढुङ्गा




महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

## दूरदृष्टि (Vision)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुने ।

(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)

## गन्तव्य (Mission)

देशमा स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।

(Provide Independent and Quality Audit Service to the Nation)

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| स्वतन्त्रता | (Independence) |
| निष्ठा | (Integrity) |
| पारदर्शिता | (Transparency) |
| जवाफदेहिता | (Accountability) |
| व्यावसायिकता | (Professionalism) |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानूनबमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । उल्लिखित संवैधानिक तथा कानुनी व्यवस्था एंव नेपाल सरकारी लेखापरीक्षणमान, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा यस स्थानीय तहको २०७७/७८ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताका पक्षबाट विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गर्नु तथा सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ ।लेखापरीक्षणमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा, कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जवाफदेहिता एवं पारदर्शिता, सेवा प्रवाहलगायतका विषयहरुको मूल्याङ्कन गरिएको छ ।

लेखापरीक्षणमा मूलतः आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण तथा स्रोत व्यवस्थापन, आय सङ्कलन, राजस्व छुट, बजेट अनुशासन, वर्षान्तको खर्च, खरिद व्यवस्थापन, अनुत्पादक तथा वितरणमुखी खर्च, योजना प्राथमिकीकरण, आयोजना छनोट, उपभोक्ता समितिबाट भएका निर्माण कार्य, दीर्घकालीन विकासका खाका तर्जुमालगायतका व्यहोरा औंल्याइएको छ ।

लेखापरीक्षणबाट स्थानीय तहमा आवश्यक अनुभवी र दक्ष जनशक्तिको कमी रहेको, सेवा प्रवाहमा अपेक्षित सुधार हुन नसकेको, स्रोत, साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, सञ्चालित योजना, कार्यक्रम, सेवा प्रवाहको यथार्थ रुपले अभिलेख नराखेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहनुका साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ। स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजुफस्र्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू सुधार गरी गत विगतका बेरुजु उपर आवश्यक कारवाही गरी वित्तीय अनुशासन हुने व्यवस्था मिलाउनुपर्दछ ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको छ । लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीबाट स्थानीय तहका पदाधिकारीहरूसँग छलफलसमेत गरिएको छ। लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरू सबैलाई धन्यवाद ज्ञापन गर्दछु ।

**टंकमणि शर्मा, दंगाल**
**महालेखापरीक्षक**

२०७९ आषाढ

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
अनामनगाउँ, काठमाडौं, नेपाल
Anamnagar, Kathmandu, Nepal

**प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय, प्रदेश नम्बर १**

पत्र संख्याः २०७८।७९
च.नं. ४७९ मितिः २०७९।३।२४

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री प्रमुखज्यू,
मानेभञ्याङ गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय,
ओखलढुङ्गा।

**कैफियतसहितको राय**

हामीले मानेभञ्याङ गाउँपालिकाको आर्थिक वर्ष २०७७/७८ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियतसहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असरबाहेक, पेस भएको २०७८ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७७/७८ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. गाउँपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचामा पूर्णरुपमा सबै कारोबार समावेश नगरी वित्तीय विवरण तयार गरेको छ ।
२. लेखापरीक्षणबाट रू. १ करोड ३२ लाख ५८ हजार बेरुजु देखिएको छ। सोमध्ये प्राप्त प्रतिक्रियावाट रु ११ लाख ५८ हजार फछर्यौट भई बाँकी बेरुजु रु १ करोड २१ लाख कायम भएकोमा सोमध्ये असुल गर्नुपर्ने रू. १२ लाख ४१ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू. ७७ लाख ३० हजार, नियमित गर्नुपर्ने रू. २४ लाख ७९ हजार रहेको छ ।गाउँपालिकाको गत वर्ष रु ३ करोड १६ लाख ५५ हजार बेरुजु बाँकी रहेकोमा यसवर्ष समायोजन र सम्परीक्षणबाट फछर्यौट एवं यो वर्ष कायम भएको बेरुजु समेत हालसम्मको अद्यावधिक बेरुजु रु ४ करोड ३७ लाख ५५ हजार रहेको छ । गाउँपालिकाको बेरुजु वर्गीकरण र अद्यावधिक बेरुजुस्थिति यसैसाथ संलग्न छ ।
३. गाउँपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्यअनुसार नभएको, कर्मचारीको दरबन्दीअनुसार पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको,लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको छ।कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।
४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले गाउँपालिकाको पेश्कीबाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

**वित्तीय विवरणउपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुनबमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडारहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी गाउँपालिका व्यवस्थापनमा रहेको छ।गाउँ कार्यपालिका, प्रमुख र प्रमुख प्रशासकीय अधिकृत गाउँपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षणउपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्तीसमेतका कारण सारभूतरूपमा गलत आँकडारहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्यस्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउँन सक्ने निश्चितता भने हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

(पद्मप्रसाद आचार्य)
नायब महालेखापरीक्षक

Phone: 4258174, 4266034, A.G. Fax: 977-1-4268309, Fax: 977-1-4262798, Post Box:13328
Email : aag.mgmt@oagnep.gov.np,Info@oag.gov.np Website : www.oag.gov.np

## मानेभञ्ज्याङ गाउँपालिका

## बेरुजु वर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

## २०७७।७८

*(रु. हजारमा)*

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | असुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजस्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | |
| ६३ | ४२ | १३२५८ | ० | १० | ११५८ | ६३ | ३२ | १२१०० | १२४१ | २४७९ | ७७३० | ० | ० | १०२०९ | ६५० |

## अद्यावधिक बेरुजु स्थिति

## २०७७।७८

*(रु. हजारमा)*

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्षको फछ्र्यौट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| मानेभञ्ज्याङ गाउँपालिका ,ओखलढुङ्गा | ३४०७७ | ० | २४२२ | ३१६५५ | ० | १२१०० | ४३७५५ |

# आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०७७/७८

कार्यालय र स्थान : मानेभञ्ज्याङ गाउँपालिका, ओखलढुंगा , मानेभन्ज्यांङ गाउँपालिका , ओखलढुङ्गा

| **पद** | **नाम** | **कार्यकाल सुरु मिति** | **कार्यकाल समाप्त मिति** |
|---|---|---|---|
| कार्यालय प्रमुख | रमेश कुमार शाह | २०७७-९-८ | हाल सम्म कार्यरत |
| कार्यालय प्रमुख | तुलसी भट्टराई | २०७७-४-१ | |
| लेखा प्रमुख | भोग बहादुर राई | २०७७-४-१ | |
| | | **बेरुजु रकम** | १२,१००,६७० |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| गत बर्षको जिम्मेवारी | | ६,०७,४३,४३४ | |
| आम्दानी | | खर्च | |
| संघीय सरकारबाट अनुदान | ३४,७२,४०,१८१ | चालु खर्च | २३,१९,६५,२८१ |
| प्रदेश सरकारबाट अनुदान | १,९५,९३,००० | पूँजीगत खर्च | ९,२५,६३,५६२ |
| राजश्व बाँडफाँट | ० | वित्तीय/अन्य व्यवस्था | ० |
| आन्तरिक आय | ६,८७,२९,६९२ | | |
| अन्य आय | ६९,२९,६२७ | | |
| कुल आय | ४४,२४,९२,५०० | कुल खर्च | ३२,४५,२८,८४३ |
| बाँकी मौज्दात | | १७,३४,१०,९१९ | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>१</td><td></td><td></td><td>

**परिचय**

स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायीक अभ्यासलाई संस्थागत गर्न र स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले गाउँपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने हरेक कार्यमा सहकारिता, सह-अस्तित्व र समन्वयलाई प्रर्वद्धन गर्नु र स्थानीय सरकारका हरेक काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई लाभको वितरणमा सुलभ र गुणस्तरीय सेवा प्रदान गर्नु नै गाउँपालिका स्थापनाको प्रमुख उदेश्य हो । यो गाउँपालिका कुल १४६.१ वर्ग कि.मी. क्षेत्रफलमा फैलिएको र हाल ९ वटा वडाहरुमा बिभाजन गरिएको छ । वि.सं. २०६८ को जनगणना अनुसार कुल जनसंख्या २१ हजार रहेको छ।

</td><td></td></tr>
<tr><td>२</td><td></td><td></td><td>

**स्थानीय सञ्चितकोष**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ६९ र ७२ बमोजिम आर्थिक वर्ष २०७७।७८ को समग्र स्थानीय सञ्चित कोष आय व्यय हिसावको संक्षिप्त अवस्था निम्न बमोजिम रहेको छः

नगरपालिकालाई एकीकृत आर्थिक संकेत तथा वर्गीकरण र व्याख्या, २०७४ स्वीकृत भएको, नेपाल सार्वजनिक क्षेत्र लेखामान (NPSAS) बमोजिमका फारामहरु सहितको प्राप्ति र भुक्तानीको एकीकृत बार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७२) अनुसार पालिकाको यस वर्षको आय व्यय विवरण निम्नानुसार रहेको छ ।

<table>
<tr><th rowspan="2">विवरण</th><th rowspan="2">टिप्पणी</th><th colspan="4">यसवर्ष रु.</th><th colspan="3">गतवर्षरु.</th></tr>
<tr><th>बजेट</th><th>आफैलेगरेको प्राप्ति/ भुक्तानी</th><th>वस्तुगत/ सोझैभुक्तानी</th><th>जम्मा</th><th>आफैलेगरेको प्राप्ति/ भुक्तानी</th><th>वस्तुगत/ सोझैभुक्तानी</th><th>जम्मा</th></tr>
<tr><td>प्राप्ती (क+ख)</td><td></td><td>४५,२४,३६,५१३</td><td>४३,५९,६४,९४०.७५</td><td>६५,२७,५६१</td><td>४४,२४,९२,५०१.७५</td><td>३६,३४,४३,०५८.१५</td><td>९३,२५,३४९</td><td>३७,२७,६८,४०७.१५</td></tr>
<tr><td>क. प्राप्ति (संचितकोषमा आम्दानी बाँधिने)</td><td></td><td>४४,५४,५२,६८१</td><td>४२,९०,३५,३१२.८७</td><td>६५,२७,५६१</td><td>४३,५५,६२,८७३.८७</td><td>३५,५९,८५,०६९.१५</td><td>९३,२५,३४९</td><td>३६,५३,१०,४१८.१५</td></tr>
<tr><td>११००० कर</td><td>११</td><td>७,९५,९४,१२०</td><td>६,८७,२९,६९२.८७</td><td>०</td><td>६,८७,२९,६९२.८७</td><td>४,८१,६१,४७९.१५</td><td>०</td><td>४,८१,६१,४७९.१५</td></tr>
<tr><td>१३००० अनुदान</td><td></td><td>३६,५८,५८,५६१</td><td>३६,०३,०५,६२०</td><td>६५,२७,५६१</td><td>३६,६८,३३,१८१</td><td>३०,७५,४१,०००</td><td>९३,२५,३४९</td><td>३१,६८,६६,३४९</td></tr>
<tr><td>संघीय सरकार</td><td>१२</td><td>३४,६२,६५,५६१</td><td>३४,०७,१२,६२०</td><td>६५,२७,५६१</td><td>३४,७२,४०,१८१</td><td>२७,७०,४५,०००</td><td>९३,२५,३४९</td><td>२८,६३,७०,३४९</td></tr>
<tr><td>प्रदेश सरकार</td><td>१२</td><td>१,९५,९३,०००</td><td>१,९५,९३,०००</td><td>०</td><td>१,९५,९३,०००</td><td>३,०४,९६,०००</td><td>०</td><td>३,०४,९६,०००</td></tr>
<tr><td>१४००० अन्य राजस्व</td><td></td><td>०</td><td>०</td><td>०</td><td>०</td><td>२,८२,५९०</td><td>०</td><td>२,८२,५९०</td></tr>
<tr><td>ख. अन्य प्राप्ति</td><td></td><td>६९,८३,८३२</td><td>६९,२९,६२७.८८</td><td></td><td>६९,२९,६२७.८८</td><td>७४,५७,९८९</td><td></td><td>७४,५७,९८९</td></tr>
<tr><td>वितरण गर्न बाकी राजस्व</td><td></td><td>०</td><td>०</td><td>०</td><td>०</td><td>०</td><td>०</td><td>०</td></tr>
<tr><td>कोषहरु</td><td></td><td>६९,८३,८३२</td><td>६७,९१,०७७.१७</td><td>०</td><td>६७,९१,०७७.१७</td><td>६२,६७,१७६</td><td>०</td><td>६२,६७,१७६</td></tr>
<tr><td>धरौटी</td><td></td><td>०</td><td>१,३८,५५०.७१</td><td>०</td><td>१,३८,५५०.७१</td><td>११,९०,८१३</td><td>०</td><td>११,९०,८१३</td></tr>
</table>

</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | | | |
| | | | संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | | ० | ० | ० | ० | ० | ० | ० | |
| | | | भुक्तानी (ग+घ) | | ५१,२१,१०,४४८ | ३२,३४,९९,०२८.३९ | ६३,२६,४८८.२६ | ३२,९८,२५,५१६.६५ | २९,६४,४१,८७७.६० | ४२,८४,०३२ | ३०,०७,२५,९०९.६० | |
| | | | ग. भुक्तानी (सञ्चित कोषबाट) | | ५०,५१,२६,६१६ | ३१,८२,०२,३५५.२५ | ६३,२६,४८८.२६ | ३२,४५,२८,८४३.५१ | २९,३६,४७,१७४.६० | ४२,८४,०३२ | २९,७९,३१,२०६.६० | |
| | | | २१००० पारिश्रमिक / सुविधा | १८ | १८,६०,८१,७१० | १५,८४,४५,१२७ | ० | १५,८४,४५,१२७ | १४,६४,९१,३६३ | ० | १४,६४,९१,३६३ | |
| | | | २२००० मालसामान तथासेवाको उपयोग | १८ | १०,९८,१५,४१० | ६,८६,६०,३४८.९० | ० | ६,८६,६०,३४८.९० | ५,६८,५१,४०५.६० | १९,८५,१५० | ५,८८,३६,५५५.६० | |
| | | | २५००० सहायता (Subsidy) | १८ | ८,५०,००० | १,४९,७०० | ० | १,४९,७०० | १,००,००० | ० | १,००,००० | |
| | | | २६००० अनुदान | १८ | २१,५०,००० | २१,४८,००० | ० | २१,४८,००० | २,५०,००० | ० | २,५०,००० | |
| | | | २७००० सामाजिक सुरक्षा | १८ | ६४,९०,००० | १२,३७,३९३ | ० | १२,३७,३९३ | ३७,०६,६२६ | ० | ३७,०६,६२६ | |
| | | | २८००० अन्य खर्च | १८ | ३२,१८,६१२ | १३,२४,७१२ | ० | १३,२४,७१२ | १४,११,७०० | ३,०९,०८५ | १७,२०,७८५ | |
| | | | ३१००० गैर वित्तीयसम्पत्ती / पूँजीगत खर्च | १८ | १९,६५,२०,८८४ | ८,६२,३७,०७४.३५ | ६३,२६,४८८.२६ | ९,२५,६३,५६२.६१ | ८,४८,३६,०८० | १९,८९,७९७ | ८,६८,२५,८७७ | |
| | | | घ. अन्य भूक्तानी | | ६९,८३,८३२ | ५२,९६,६७३.१४ | | ५२,९६,६७३.१४ | २९,६४,४१,८७७.६० | ४२,८४,०३२ | ३०,०७,२५,९०९.६० | |
| | | | कोषहरु | | ६९,८३,८३२ | ४१,३९,९७३.१४ | ० | ४१,३९,९७३.१४ | २६,६३,७०३ | ० | २६,६३,७०३ | |
| | | | धरौटी | | ० | १२,०७,४११ | ० | १२,०७,४११ | १,३१,००० | ० | १,३१,००० | |
| | | | संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | | ० | ० | ० | ० | ० | ० | ० | |
| | | | कट्टी रकम भुक्तानी/ दाखिला गर्न बाकी | | | (५०,७११) | | (५०,७११) | | | | |
| | | | ङ. यो वर्षको बचत (न्युन) | | (५,९६,७३,९३५) | ११,२४,६५,९१२.३६ | २,०१,०७२.७४ | ११,२६,६६,९८५.१० | ६,७०,०१,१८०.५५ | ५०,४१,३१७ | ७,२०,४२,४९७.५५ | |
| | | | च. गतवर्षको जिम्मेवारी रकम (अ.ल्या) | | | ६,०७,४३,९३४ | | ६,०७,४३,९३४ | ४,३२,७४,१४३ | | ४,३२,७४,१४३ | |
| | | | वर्षान्तको बाकी रकम (ङ+च) | | (५,९६,७३,९३५) | १७,३२,०९,८४६.३६ | २,०१,०७२.७४ | १७,३४,१०,९१९.१० | ११,०२,७५,३२३.५५ | ५०,४१,३१७ | ११,५३,१६,६४०.५५ | |
| | | | | | | | | | | | | |
| | | | बैंक कारोबारमा भिन्नता | | | | | | | | | |
| | | | बैंक तथा नगद बाकी | २४ | | १७,३४,१०,९१९.१० | | १७,३४,१०,९१९.१० | ११,७७,८१,५५७.५५ | | ११,७७,८१,५५७.५५ | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

**संघीय सरकार हस्तान्तरित कार्यक्रम तर्फ**

| सि नं | शिर्षक | वार्षिक बजेट | निकासा | खर्च | बाँकी |
|---|---|---|---|---|---|
| १ | गरिब संग विश्वेश्वर कार्यक्रम | ७७७००० | ७२५६८० | ७२५६८० | ५१३२० |
| २ | स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम | ४३००००० | ३१८७१९४ | ३१८७१९४ | १११२८०६ |
| ३ | एकिकृत स्थास्थ्य पूर्वाधार विकास कार्यक्रम | ७०००००० | १४९२००० | १४९२००० | ५५०८००० |
| ४ | सामाजिक सुरक्षा तथा संरक्षण | ६४३९२००० | ६१५६१५०५ | ६१५६१५०५ | २८३०४९५ |
| ५ | स्थानीय तह प्रशासकीय भवन पूर्वधार विकास कार्यक्रम | १८००००० | ० | ० | १८००००० |
| | जम्मा | ७२८६९००० | ६६९६६३७१ | ६६९६६३७१ | ११३०२६२१ |

३

उल्लेखित आर्थिक कारोबारको स्वीकृत समष्टीगत तथा ईकाइगत लेखापरीक्षण योजना, कार्यालयबाट पेश गरिएको बार्षिक कार्यक्रम एवं प्रगति विवरण समेतका कागजात र विवरणहरु, लिखित प्रतिनिधित्व पत्र तथा आन्तरिक लेखापरीक्षण प्रतिवेदनलाई समेत आधार मानी लेखापरीक्षण सम्पन्न गरिएको छ ।

लेखापरीक्षण ऐन, २०७५ को दफा ४ र लेखापरीक्षणका अन्तर्राष्ट्रिय मानदण्ड तथा मार्गदर्शनमा समेत नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले निर्क्यौल गरेको जोखिममा आधारित योजना तथा कार्यक्रमका आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । सारभूत रुपमा उल्लेखनीय नदेखिएका व्यहोराहरुलाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

४

**लेखापरीक्षण को दौरानमा देहाय बमोजिम सम्वन्धित निकायमा रकम फिर्ता र दाखिला गरेको पाइयो ।**

| मिति | रकम | सञ्चीत कोष | फिर्ता पठाएको |
|---|---|---|---|
| २०७८।४।३२ | ६५७८७५२५ | संघीय सञ्चित कोष फिर्ता | को ले नि का ओखलढुङ्गा |
| २०७८।५।१० | २०१०७३ | साना सिचाई कार्यक्रम | को ले नि का ओखलढुङ्गा |
| २०७८।४।३२ | ११३४६३२४ | प्रदेश सञ्चित कोष फिर्ता | प्रदेश लेखा इकाई ओखलढुङ्गा |
| २०७८।६।४ | २५२०० | स्थानीय सञ्चित कोष | स्थानीय सञ्चित कोष |
| २०७८।६।४,६,५ | १६८४९ | संघीय सञ्चित कोष | को ले नि का ओखलढुङ्गा |
| २०७८।६।१५ | ६००८ | संघीय सञ्चित कोष | आ रा का |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५ | | | **वित्तीय विवरण**<br>स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७२ मा गाउँपालिका तथा गाउँपालिकाले प्रत्येक वर्षको साउन एक गतेदेखि आगामी वर्षको असार मसान्तसम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्यवयको हिसाव राख्नुपर्दछ । सोही ऐनको दफा ६९ मा तोकीय अनुसार गाउँपालिका तथा गाउँपालिकाले आफ्नो आर्थिक कार्य प्रणलीको व्यवस्थापन गर्नुपर्दछ । यस सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम छन्<br>• स्थानीय तहले संचित कोषमा गत विगतको बाँकी यस वर्ष प्राप्त रकम र संचित कोषवाट भएको खर्च स्पष्ट देखिने गरी खाता राखेको छैन ।<br>• लेखापरीक्षणका क्रममा बैंक नगदी किताब तथा पेश्की खाता अद्यावधिक नरहेको कारण स्थानीय तहले पेश गरेको आय–व्यय विवरण यथार्थ मान्न सक्ने अवस्था छैन ।<br>• कतिपय सम्बन्धित आर्थिक कारोबारहरुको गोश्वरा भौचर बजेट शिर्षकगत बैक नगदी किताबमा नजनाएकाले श्रेस्ता अनुसार बैक मौज्दात ऋणात्मक रहेको तथा स्थानीय तहका सबै खाताहरुको एकमुष्ट हिसाव गर्दा मौज्दात ऋणात्मक नरहेको ।<br>• आयकर ऐन २०५८ बमोजिम कट्टी गरेको रकमहरु महिना भुक्तान भएको २५ दिन भित्र सम्बन्धित कार्यालय र धरौटी खातामा दाखिला गर्नुपर्ने व्यवस्था छ । पालिकाले दायित्व सिर्जना गरी दाखिला नगरी आफ्नै खातामा राखेको अग्रिम आयकर रु ३८९१३, सामाजिक सुरक्षा कर रु ४९६८ र अन्य बहाल कर रु ६८३० समेत जम्मा रु ५०७११ संघीय सञ्चित कोषमा दाखिला हुनुपर्ने रु<br>त्यसैले तोकेबमोजिमका वित्तीय विवरणहरु तथा खाताहरु अद्यावधिक गरी आय र व्ययको वास्तविक स्थिति देखिने गरी लेखांकन गर्नुपर्दछ ।<br><br>(कार्यालियको मिति २०७८।७।२६, च. नं. ३८१ को प्रतिक्रिया उपर कारवाही हुंदा यस वुंदामा रहेको रु ५०७११ फर्छयौट भएकोमा NAMS DIGITALIZATION गर्दा अभिलेख देखिने सम्म प्रयोजनका लागी यहाँ दर्शाईएको छ ।) | |
| ६ | | | **जिम्मेवारी फरक परेको**<br>स्थानीय तहको सञ्चित कोषमा गत विगतको बाँकी, यस वर्ष प्राप्त र खर्च भएको रकम स्पष्ट देखिने गरी हिसाब राख्ने र जिम्मेवारी एकिन गर्नुपर्दछ । तर स्थानीय तहको लेखापरीक्षण प्रतिवेदनअनुसार गत वर्षको अन्त्यमा रु. ६९९२५३४६ मौज्दात कायम भएकोमा शुत्रको म ले प फा नं २७२ को प्राप्ति भुक्तानीमा शुरु मौज्दात रु ६०७४३९३४ मात्र देखिन्छ । फरक आएको रकम प्राप्ति भुक्तानीको एस डी सि अन्तर्गत रु ५५६५५५२ प्रकोष व्यवस्थापन कोषमा रु ३६०३४७३ र विविध कोषमा रु १२३८७ गत वर्षको अल्यामा समावेश नभई यस वर्षको आम्दानीमा देखिएको छ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ७ | | | **बैक हिसाब मिलान**<br>स्थानीय तह सरकार संचालन ऐन, २०७४ को दफा ७६(२) बमोजिम स्थानीय तहले आफ्नो कारोबारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिशमा महालेखापरीक्षकबाट स्वीकृत भएको ढाँचामा राख्नुपर्ने उल्लेख छ । सो बमोजिम मासिक रुपमा स्रेस्ता र बैक खाताको हिसाब मिलान विबरण तयार गर्नुपर्नेमा स्थानीय तहले सञ्चालन गरेको देहायबमोजिमको खाताको २०७८ अषाढ मसान्त सम्मको बैंक हिसाब मिलान विवरण तयार नगरेको कारण निम्नानुसार रु २४५४९९ को बैङ्क मौज्दात बढी देखाएकोमा फरक पर्नको कारण पत्ता लगाई बैङ्क हिसाब मिलान बनाएको देखियो | |

| सि.नं. | खाताको नाम | श्रेस्ता अनुसार बाँकी | बैंक स्टेटमेण्ट अनुसार बाँकी | फरक |
|---|---|---|---|---|
| 1. | संचित कोष | ९३०२३०४३ | ९३२६८५४२ | २४५४९९ |
| 2. | प्रकोप व्यवस्थापन खाता | १५४३८२५ | १५४३८२५ | ० |
| 3. | विविध कोष खाता | ११५७९७१ | ११५७९७१ | ० |
| 4. | धरौटी | ३५११३८ | ३५११३८ | ० |
| जम्मा | | ९६०७५९७७ | ९६३२१४७६ | २४५४९९ |

| | | | | |
|---|---|---|---|---|
| ८ | | | **आन्तरिक नियन्त्रण प्रणाली**<br>आन्तरिक नियन्त्रण प्रणालीः स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेमा लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल वमोजिम रहेका छन ।<br>• स्थानीय सरकार सञ्चालन ऐन, 2074 को दफा 11 अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्ने सो गरेको पाईएन ।<br>• पालिकाले २०७६।७७ को अवधिमा भएको आफ्नो आर्थिक कारोवारको अनुसुची २११ वमोजिम ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन ।<br>• पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाईएन। | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | • राजस्व संकलन सम्बन्धमा सुचना प्रबिधिको प्रयोग गरी सबै कारोबार बैकिङ्ग प्रणाली मार्फत गर्ने गरेको देखिएन ।<br>• अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिम मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन ।<br>• स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा गाउपालिका तथा गाउँपालिकाले आफ्नो अधिकारक्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना तयार गरी कार्यान्वयनमा ल्याएको पाईएन ।<br>• स्थानिय तहले आफ्नो क्षेत्रमा कार्यान्वयन हुने आयोजनाको बिश्लेषण गरी सम्भाब्य आयोजनाको बैंक खडा गरेको देखिएन ।<br>• दिगो बिकास योजना (२०१५-३०) लाई कार्यान्वयन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालिन लक्ष्यहरु तोकि मुल्याङ्कन गर्ने कार्य भएको देखिएन ।<br>• पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो ।<br>• वडा कार्यालयमा रहेका जिन्सी सामान सहितको अभिलेख देखिने गरी पालिकाको मूल जिन्सी खाता अध्यावधिक गरेको पाईएन ।<br>• जिन्सी निरिक्षण प्रतिवेदन तयार गरी त्यसमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा जिन्सी निरिक्षण प्रतिवेदन तयार गरेको पाईएन ।<br>• मुल्य अभिवृद्धि कर नियमावली, २053 को नियम 6क मा ठेक्का सम्झौता र कर भुक्तानीको जानाकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिई आर्थिक वर्षको अन्तमा मात्र दिएको तथा इ टीडिएस नगरेको पाइयो।<br>• कुनै रकमको भुक्तानी दिँदा रित पुगेको वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन ।<br>• सार्वजनिक खरिद नियमावली, 2064 को नियम 7 र 8 मा खरिदको गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन।<br>• स्थानीय सरकार सञ्चालन ऐन, 2074 को दफा 13 वमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अगाबै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामाग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्युनतम दररेट तोक्नु पर्नेमा केही सामाग्रीको मात्र स्थानीय न्युनतम दररेट तोकेको पाईयो ।<br>• ठेक्काहरुको विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन।<br>• स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन ।<br>• सार्वजनिक खरिद नियमावली, 2064 को नियम 97 अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन । • संस्था दर्ता ऐन, २०३४ दफा ३ पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण कार्य गर्न सम्झौता गर्न गठन गरेका उपभोक्ता | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | समिति ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन ।<br>• पालिकाले आयोजना।कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फ बाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्नेमा सो नगरेको ।<br>• सञ्चालित योजनाको सूचना पाटीमा आय–व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाईएन।<br>• वातावरणको संरक्षणको एकिकृत दिर्घकालीन योजना तयार गरेको पाइएन ।शहरीकरण भैरहेका स्थानलाई मध्यनजर राख्दै फोहोरमैला ब्यबस्थापन स्थल पहिचान एबं कार्ययोजना तयार गरेको पाईएन ।<br>• सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली, २०६५ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन ।<br>• निजामती सेवा ऐन, 2049 वमोजिम कर्मचारीहरुको कार्य विवरण वनाई लागु गरेको पाईएन ।<br>• तलवी प्रतिवेदनः निजामती सेवा ऐन, 2049 को दफा 7 ख 2 र प्रदेश नं. १ सार्वजनिक खर्चको मापदण्ड कार्यविधि र मितव्ययीता सम्बन्धी निर्देशिका २०७५ को बुँदा नं. २०(२) मा सम्बन्धित प्रदेश लेखा नियन्त्रक कार्यालयबाट तलवी प्रतिवेदन पारित नगराई तलव भत्ता खर्च लेख्न पाइने छैन तलवी प्रतिवेदन पारित नभएको रकम खर्च लेख्ने पदाधिकारीबाट असुल उपर गरिने छ भन्ने व्यवस्था रहेको छ । कार्यालयले आर्थिक वर्ष २०७६।७७ मा तलवी प्रतिवेदन पारित नगरि रु ३२२०००९८। खर्च लेखेको पाइयो । तलवी प्रतिवदेन पारित नभएकोले वास्तविक तलव तथा ग्रेड रकमको खर्च यकिन गर्ने अवस्था रहेन । तलवी प्रतिवेदन पारित गरेर मात्र तलव भत्ता खर्च लेख्नु पर्दछ ।<br>• संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको 2073।12।25 को परिपत्र अनुसार यस पालिकामा समाहित भएका साविकका गाँउ विकास समितिको नाममा रहेका पेश्की तथा वेरुजुको लगत तयार गरेको पाईएन ।<br>• पालिकाले विद्यालयमा रकम निकासा गर्दा विद्यालयगत निकासा प्रष्ट देखिने गरी खाता राखेको देखिएन ।<br>• वडाहरु र गाउँका एकै प्रकृतिका योजना तथा कार्यक्रमहरु विभिन्न अनुगमनकारी निकायका निर्देशन परिपत्र र प्रतिवेदन अनुसार एकीकृत प्याकेज बनाई मितव्ययी, प्रतिस्पर्धी र दक्षतापूर्ण ढङ्गबाट कार्यान्वयन गर्नुपर्नेमा सो बमोजिम गरेको देखिएन । तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ९ | | | **आन्तरिक लेखापरीक्षण**<br>स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारीताको आधारमा प्रत्येक चौमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ । यस स्थानीय तहले २०७७।७८ को आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराएको देखिएन ।यसरी कानूनमा उल्लेखित व्यवस्थाको पालना गर्ने तर्फ पालिकाको ध्यान जानु पर्दछ । | |
| १० | | | **कारोवारको लेखा**<br>प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ दफा २३ (४) अनुसार राजश्वको लगत तथा लेखा राख्ने, हिसाब भिडान गर्ने, वित्तिय विवरण तयार गर्ने, लेखापरीक्षण गराउने उत्तरदायित्व कार्यालय प्रमुखको हुने व्यवस्था छ । साथै आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम १० अनुसार प्रत्येक कार्यालयले अर्थ मन्त्रालयबाट स्वीकृत राजश्व वर्गीकरणको व्याख्या अनुरुप लगती तथा हसवली राजश्व आम्दानी दाखिला गरी नियम ९ वमोजिम आम्दानी जनाउँदा दोहोरो स्रेस्ता प्रणाली अनुसार राजश्व स्रेस्ताको लागि महालेखा परीक्षकको कार्यालयबाट तोकिएको ढाँचामा लेखा अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था भएकोमा गाउँपालिकाको वडा कार्यालयबाट प्राप्त हुने राजश्वको अभिलेख तोकिएको ढाँचामा नराखेको, प्राप्त राजश्व एकमुष्ठ जम्मा गर्ने गरेको देखिन्छ । राजश्व समयमै बैंक दाखिला नगर्ने, तोकिएको ढाँचामा अभिलेख नराख्ने गर्दा राजश्वको हिनामिना हुनसक्ने भएकोले यसतर्फ कार्यालयले ध्यान दिनुपर्दछ । | |
| ११ | | | **लेखा ढाँचाको प्रयोग**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ (२) मा स्थानीय तहले आफ्नो कारोवारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिसमा महालेखापरीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा राख्नु पर्ने व्यवस्था छ । एकीकृत आर्थिक संकेत तथा वर्गिकरण २०७४ स्वीकृत भएको, नेपाल सार्वजनिक क्षेत्र लेखामान बमोजिमका फारामहरु मिति २०७५।८।१० मा संघ तथा प्रदेश र स्थानीय तह गरि दुई समुहका फारामहरु आर्थिक वर्ष २०७५।०७६ देखि लागू गर्न महालेखापरीक्षकबाट स्वीकृत भएको छ । उपर्युक्त अनुसारको वित्तिय प्रतिवेदनमा प्राप्ती भुक्तानी हिसाव, सरकारी आम्दानी र खर्च कारोवारको वजेट तुलनात्मक प्रतिवेदनलाई पुष्टी गर्ने गरी विभिन्न लेखा टिप्पणीहरु जस्तै संचितकोषको अवस्था, आन्तरिक राजश्व, संघिय सरकार र प्रदेश सरकारबाट प्राप्त अनुदान, ऋण प्राप्ती तथा साँवा व्याज भुक्तानी भएमा, वितरण गर्न बाँकी राजश्वको विवरण, धरौटी तथा कोषहरु, संघीय सरकार प्रदेश सरकार वा आय व्यक्ति संस्थाका कार्यक्रम खर्च, सोझै भुक्तानी र वस्तुगत सहायता, संचित कोषबाट भएका खर्च भुक्तानी, पेश्की बाँकी वैंक तथा नगद बाँकी र अन्य सम्पतिहरु जस्ता लेखा टिप्पणीहरुको व्यवस्था गरेको छ । यो वर्ष गाउंपालिकाले उपर्युक्त ढाँचा अनुसारको वित्तीय प्रतिवेदन तयार गरी पेश गरेको भएता पनि सम्पुर्ण आर्थिक कारोबार सुत्रमा अभिलेख नभएको अवस्था देखियो।सम्पुर्ण अभिलेख गर्ने व्यवस्था हुनु पर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १२ | | | **खरिद योजना**<br>सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६ मा सार्वजनिक निकायले तोकिएको सीमा भन्दा बढी रकमको खरीद गर्दा तोकिए बमोजिम खरिदको गुरुयोजना र वार्षिक खरीद योजना तयार गर्नुपर्ने व्यवस्था छ । त्यस्तै सार्वजनिक खरिद ऐन २०६३ को दफा ७(३) मा कार्यालयका लागि एक खरिद ईकाई गठन गर्नुपर्ने उल्लेख छ । सार्वजनिक खरीद ऐन र नियमावलीको तोकिएको सीमा नाघ्न गई खरीद नियम तथा खरिद प्रक्रियामा सवैलाई सहभागी हुने समान अवसर सुनिश्चितता नदेखिएकोले कार्यालयले खरिद व्यवस्थानमा विशेष ध्यान दिनुपर्ने देखिन्छ । परामर्श सेवा र अन्य सेवाको खरिदको गुणस्तर अभिवृद्धि गरी सो सम्वन्धी जिम्मेवारी बहन गराउन ध्यान दिनु पर्दछ । | |
| १३ | | | **जिन्सी लगत र संरक्षण**<br>आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ४६(२) मा उपनियम १ वमोजिम जिम्मामा रहेका सरकारी सम्पत्तिको हिनामिना नहुने गरी लगत स्रेस्ता सहित त्यसको संरक्षण गर्ने कर्तव्य त्यस्तो सम्पत्ति जिम्मा लिने कर्मचारी र सम्बन्धित कार्यालय प्रमुखको हुने व्यवस्था छ । आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ५० मा नियम ४६, ४७ र ४८ बमोजिम लगत खडा गरी राखिएको जिन्सी मालसामान के कस्तो अवस्थामा छन् कार्यालय प्रमुखले एक वर्षमा कम्तीमा एक पटक आफैले निरीक्षण गरी वा त्यस्तो मालसामान जिम्मा लिने कर्मचारीबाहेक अन्य कर्मचारी वा प्राविधिकद्धारा निरीक्षण गर्न लगाई त्यसको प्रतिवेदन लिखित रुपमा लेखी वा लिई राख्ने व्यवस्था गर्नुपर्ने व्यवस्था छ । पालिकाले जिन्सी निरीक्षण प्रतिवेदन तयार गरेको पाइएन । सामानको स्पेशिफिकेशन र सम्पुर्ण विवरण खुलाई आम्दानी बाँध्नु पर्नेमा सो नखुलाई खर्च भएर नजाने जिन्सी खाता व्यवस्थित नभएको र आर्थिक वर्षको अन्त्यमा फाँटवाला र कार्यालय प्रमुखबाट जिन्सी खाता प्रमाणित गरी अद्यावधिक राखेको पाइएन । | |
| १४ | | | **भ्रमण अभिलेख तथा प्रतिबेदन**<br>भ्रमण खर्च नियमावली, २०६४ को नियम २१ मा भ्रमणमा खटिने पदाधिकारीले भ्रमण प्रारम्भ गरेपछि सम्बन्धित कार्यालयले अनुसूची–६ बमोजिमको ढाँचामा भ्रमण अभिलेख राख्नुपर्नेमा विभिन्न कर्मचारीले विभिन्न स्थानमा भ्रमण गरेको भ्रमण आदेश र भ्रमण विल अनुसार खर्च लेखेकोमा भ्रमण अभिलेख राखेको छैन । साथै तेरिज तयार नगरि एउटै गोश्वरा भौचरबाट अनुगमन तथा मुल्याङ्कन, सरुवा तथा भ्रमण भत्ता एकमुष्ट भ्रमण प्रतिबेदन बेगर खर्च लेखेको छ । यसबाट अनुगमन तथा मुल्याङ्कन कार्यक्रम प्रभावकारी भयो भन्ने आधार भएन । तसर्थ नियमाबलीमा उल्लेख भएबमोजिम भ्रमण अभिलेख तथा भ्रमण प्रतिबेदन राखेर मात्र भ्रमण खर्च लेख्नुपर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १५ | | | **लक्ष्य/प्रगति स्थिति**<br>आर्थिक कार्याविधि नियमावली, २०६४ को नियम २५ अनुसार कार्यालयले वार्षिक प्रतिवेदन तयार गरी तालुक कार्यालयमा पठाउनु पर्ने र नियम २६ अनुसार तालुक कार्यालयले भौतिक एवं वित्तिय प्रगतिको समिक्षा गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले यस वर्ष नियमको उक्त व्यवस्था अनुसार सबै कारोबारको भौतिक एवं वित्तिय प्रगति तयार गरेको छैन । सो पेश नभएबाट बार्षिक लक्ष्य अनुसारको प्रगति हासिल भए नभएको बिश्लेषण गर्न सकिएन । | |
| १६ | | | **बजेट पेश, पारित र अख्तियारी**<br>स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा उपाध्यक्ष श्री सबिता राई ले २०७७।3।10 गते रु. ४५७६०३२९३ को बजेट सभा समक्ष पेश गरेकोमा २०७७ ।3।२३ मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले २०७७।४।१० मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ । कानूनले तोकेको समयमा आय र व्ययको अनुमान पेश गरी पारित गर्ने र अख्तियारी दिनेतर्फ ध्यान दिनुपर्दछ । | |
| १७ | | | **योजना छनौट**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ को उपदफा ४ अनुसार पालिकाहरुले आवद्यिक वार्षिक रणनीतिगत विषयको योजना बनाउदा मध्यकालिन तथा दीर्घकालिन प्रकृतिका आयोजनाहरुमा लगानी गर्नुपर्ने व्यवस्था छ । त्यस्तै सोही ऐनको दफा २४ को उपदफा १० अनुसार पालिकाले स्थानीयस्तरका विकास आयोजनाको आवश्यक अध्ययन अनुसन्धान तथा प्रभाव मूल्याङ्कन कार्य गर्न सक्नेछ व्यवस्था रहेको छ।तर पालिकाले विभिन्न रु.५०००० देखि रु ५००००० सम्मको सानो प्रकृतिका ११२ वटा योजनाहरु अध्ययन अनुसन्धान र प्रभाव मूल्याङ्कन बेगर रु. २५४३५००० को छनौट तथा कार्यान्वयन गरेको देखियो। साना साना योजना वडावाट छनौट गरी कार्यान्वयन गर्ने गरेकोले मध्यकालीन तथा दीर्घकालीन योजना वनाइ मध्यम र ठुला आयोजनाहरु तर्जुमा गरी कार्यान्वयन गर्ने तर्फ ध्यान जानुपर्ने देखिन्छ । | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>१८</td><td></td><td></td><td>
चौमासिक पूँजीगत खर्च<br>
आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्य लक्ष्य तथा कर्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कर्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार चौमासिक पुँजीगत खर्चको स्थिति देहाय बमोजिम छ ।
<table>
<tr><th rowspan="2">शिर्षक</th><th rowspan="2">कुल खर्च</th><th colspan="4">चौमासिक खर्च</th></tr>
<tr><th>प्रथम चौमासिक</th><th>दोस्रो चौमासिक</th><th>तेस्रो चौमासिक</th><th>आषाढ महिना</th></tr>
<tr><td>पुँजि</td><td>९२५६३</td><td>६०</td><td>१३४३७</td><td>७९०६५</td><td>५५८०७</td></tr>
<tr><td>प्रतिशतमा</td><td>१००</td><td>०।०६</td><td>१४।५१</td><td>८५।४१</td><td>६०।२९</td></tr>
</table>
प्राप्त विवरण विश्लेषण गरी हेर्दा कुल खर्च मध्ये तेस्रो चौमासिकमा मात्र ८५ प्रतिशत खर्च भएको जसमा अषाढमा मात्र ६० प्रतिशत खर्च भएको देखिन्छ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।
</td><td></td></tr>
<tr><td>१९</td><td></td><td></td><td>
पुँजीगत खर्च विधि<br>
कार्यालयवाट पेश भएको विवरण अनुसार पुँजीगत खर्च विधि देहाय अनुसार गरेको पाइयो ।
<table>
<tr><th>सि.नं.+=</th><th>कार्यक्रमको नाम</th><th>निर्माण कार्यमा भएको कुल खर्च{</th><th>कुल खर्च मध्ये उपभोक्ता समिति मार्फत भएको रकम</th><th>निर्माण व्यवसायीबाट भएको रकम</th></tr>
<tr><td>1</td><td>भौत्तिक पूर्वधार विकास</td><td>९२५६३५६०</td><td>८६११६५६०</td><td>६४४७०००</td></tr>
<tr><td></td><td>प्रतिशतमा</td><td>१००</td><td>९४</td><td>६</td></tr>
</table>
कूल खर्च मध्ये उपभोक्ता समितिवाट ९४ प्रतिशत खर्च गरेकोले प्रतिस्पर्धात्मक विधिवाट खरिद गर्ने तर्फ पालिकाको ध्यान पुग्नु पर्दछ ।
</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>२०</td><td></td><td></td><td>
क्षेत्रगत बजेट र खर्च<br>
स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७७।७८ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।
<table>
<tr><th>मुख्यक्षेत्र</th><th>वार्षिकवजेट</th><th>खर्चरकम</th><th>कुलखर्चमध्येप्रतिशत</th></tr>
<tr><td>आर्थिकविकास</td><td>२९२२३५६१</td><td>११८३६४५९</td><td>४०।५०</td></tr>
<tr><td>सामाजिकक्षेत्र</td><td>२५८५७७०००</td><td>१८८६९६३९३</td><td>७२।९७</td></tr>
<tr><td>पूर्वाधारविकासक्षेत्र</td><td>८५९०८०००</td><td>४१९४९३३६</td><td>४८।८३</td></tr>
<tr><td>संस्थागतविकासरसेवाप्रवाह</td><td rowspan="2">९१४१६१२</td><td rowspan="2">७६४७१५८</td><td rowspan="2">८३।६५</td></tr>
<tr><td>वित्तीयव्यवस्थापनरसुशासन</td></tr>
<tr><td>कार्यसञ्चालनतथाप्रशासनिकखर्च</td><td>१२२२७६४४३</td><td>७४३९९४९५</td><td>६०।५८</td></tr>
<tr><td>जम्मा</td><td>५०५१२६६१६</td><td>३२४५२८८४३</td><td>६४।२४</td></tr>
</table>
उल्लिखित विवरण विश्लेषणबाट निम्नानुसार देखिएको छ -
</td><td></td></tr>
</table>



https://nams.oag.gov.np

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>२१</td><td></td><td></td><td>

**अधुरा आयोजना**

आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २६ अनुसार योजनाहरुको भौतिक र वित्तीय पक्षको सामुहिक समीक्षा गर्नुपर्ने र यसरी गरिने समीक्षामा प्रगति कम हुनुका प्रमुख कारणहरु र सोको निमित्त जिम्मेवार व्यक्तिको पहिचान गर्नुपर्ने, त्यस्तो समीक्षामा सुधारका लागि चाल्नु पर्ने कदमहरु र जिम्मेवार व्यक्ति उपर गर्नुपर्ने कारबाही समेत उल्लेख गर्नुपर्ने व्यवस्था छ । यस कार्यालयले यो वर्ष 2 वटा योजनाको कार्य सम्पन्न हुन नसकि जिम्मेवारी सारेको छ । यस प्रकारको दायित्व बिगत वर्षहरुको समेत सार्दै आएको छ । यसरी कानून विपरीत सम्झौता गरी सम्पन्न नगरी अधुरो रहन गएको उपयुक्त देखिएन ।

<table>
<tr><th rowspan="2">सि नं</th><th rowspan="2">कामको विवरण</th><th rowspan="2">निर्माण व्यवसायीको नामर ठेगाना</th><th colspan="2">म्यादसम्बन्धि विवरण</th><th colspan="2">सम्झौतार भुक्तानी सम्बन्धी विवरण</th><th></th></tr>
<tr><th>काम सुरु गर्नुपर्ने मिति</th><th>कामसमाप्त गर्नुपर्ने मिति</th><th>सम्झौतारकम</th><th>योबर्षसम्म भुक्तानी रकम</th><th></th></tr>
<tr><td>१</td><td>दुधकोशी हिलेपानी लिफ्टिङ खानेपानी</td><td>Parsdise Innovative AM JV Jwagal</td><td>२०७८।५।१५</td><td>२०७९।३।१५</td><td>२५५१७०००</td><td></td><td></td></tr>
<tr><td>२</td><td>मोलुङ खोला बालेथुम्का लिफ्टिङ खानेपानी</td><td>khani swaminarayan JV</td><td>२०७८।२।७</td><td>२०८०।३।१५</td><td>७३७५००००</td><td>६४४७०००</td><td></td></tr>
</table>

</td><td></td></tr>
<tr><td>२२</td><td></td><td></td><td>

**प्रशासकीय सङ्गठन र कर्मचारी व्यवस्थापन**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा सङ्गठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ३१ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म प्रमुख प्रशासकीय अधिकृत सहित १९ जना पदपूर्ति भएको देखिन्छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका प्रशासकीय अधिकृत, लेखा अधिकृत सहित १२ पदहरु रिक्त रहेका छन् । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ । तसर्थ रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ ।

</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २३ | | | **खर्च बिश्लेषण**<br>पालिकाले यस बर्ष कुल आन्तरिक आयबाट रु ३७६६५४५ राजस्व बाँडफाँड र अनुदानबाट रु. १६२५८१५७१ समेत रु. १६६३४८११६ आम्दानी भएकोमा चालु तर्फ रु. ६७७३०९१५ र पूँजिगत तर्फ रु. ६५८९६६६८ खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा ०.०२ प्रतिशत रहेको छ । यसबर्ष पदाधिकारी सुबिधामा रु. ६५८६००० खर्च भएको छ जुन आन्तरिक आयको १७० प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ५० प्रतिशत चालु र ५० प्रतिशतमात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा बिकास निर्माण प्रयोजनमा परिचालन गरिनुपर्दछ । | |
| २४ | | | **कर्मचारी करार**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । तर पालिकाले विभिन्न पदमा २० जना कर्मचारीहरु करारमा राखी रु. ५०८३५२०/- खर्च लेखेको छ । त्यसैगरी सोही ऐनको २०७४ को दफा ८३(८) वमोजिम पालिकाले नगर प्रहरी, सवारी चालक, सयश, कार्यालय सहयोगी, पलम्बर, इलेक्टीसियन, चौकिदार, मालि, बगैँचे लगायतका पदमा मात्र करारवाट सेवा लिन सकिने व्यवस्था गरेको छ । स्थानीय तहले माथि उल्लेखित पद वाहेकको असष्टेन्ट सव इन्जिनियर पदमा १ जना करार नियुक्ति गरी बर्षभरीमा रु. ३४५९३० भुक्तानी गरेको अनियमित देखिएको रु | ३४५,३९० |
| २५ | | | **न्यायिक समिति**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गत वर्षको टुंगो लगाउन बाँकी १ र यो बर्ष थप भएको ८ विवाद दर्ता भएकोमा ८ वटा मात्र फछ्र्यौट भई १ बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २६ | | | **समानीकरण अनुदानबाट शिक्षकको तलब भत्ता**<br>अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ ले स्थानीय तहलाई स्वीकृत दरबन्दी भित्रका शिक्षकको तलब भत्ता बापत सशर्त अनुदान उपलब्ध गराउने व्यवस्था छ । साविकको जिल्ला शिक्षा कार्यालयबाट अनुमति प्राप्त गरी सञ्चालनमा रहेका र कुनै पनि दरबन्दी तथा राहत अनुदान कोटा प्राप्त नगरेका विद्यालयलाई शिक्षक व्यवस्थापन गर्ने गरी शैक्षिक सत्र २०७७ का लागि सहयोग अनुदान दिन सकिने व्यवस्था छ । तर पालिकाले स्वीकृत दरबन्दीभित्र नपरेका एवं विद्यालयले गत विगतदेखि नै आन्तरिक स्रोतबाट तलब भत्ता व्यहोरेका शिक्षकलाई वित्तीय समानीकरण अनुदानतर्फ शिक्षावाट भौ नं १५२ र ३१५ वाट रु. २९५०००० तलब भत्ता भुक्तानी गरेको देखियो । | |
| २७ | | | **विषयगत समिति वैठक भत्ता**<br>३८५।२०७८।३।२० गाउँ तथा नगर सभाका सदस्यहरुको सुविधा सम्वन्धि ऐन, २०७५ दफा ४ अनुसार विषयगत समितिको हकमा जतिसुकै पटक वैठक वसे पनि वैठकमा उपस्थीत सदस्यले एक महिनामा एउटा वैठकको मात्र वैठक भत्ता पाउने उल्लेख गरेको छ । पालिकाको योजना तर्जुमा समितिको वैठक माइन्युट अनुसार २०७८।३।८ मा दुई वटा वैठक वसेको उल्लेख गरी विषयगत समितिको वैठक भत्ता भुक्तानी गरेको छ । एक वैठकको मात्र भत्ता भुक्तानी हुनुपर्नेमा दुइ वैठकको भत्ता भुक्तानी भएकोले वढी भुक्तानी भएको एक वैठकको रकम रु ११०५० स्थानीय सञ्चित कोषमा दाखिला गर्नुपर्ने र<br>(कार्यालियको मिति २०७८।७।२६, च. नं. ३८१ को प्रतिक्रिया उपर कारवाही हुंदा यस वुंदामा रहेको रु ८५०० फछ्र्यौट भएकोमा NAMS DIGITALIZATION गर्दा अभिलेख देखिने सम्म प्रयोजनका लागी यहाँ दर्शाईएको छ ।) | २,५५० |

| **कर्मचारीको नाम** | **वैठक दर** | **भुक्तानी रकम** | **वढि भुक्तानी रकम** |
|---|---|---|---|
| सविता राई | १००० | २००० | ८५० |
| रामकुमर राई | १००० | २००० | ८५० |
| केशव प्रसाद ढुङ्गाना | १००० | २००० | ८५० |
| नानि वावु सिङ्गजाली मगर | १००० | २००० | ८५० |
| हेमराज राई | १००० | २००० | ८५० |
| | | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | राज कुमार रुम्दालि | १००० | २००० | ८५० | | |
| | | | | मेडल राई | १००० | २००० | ८५० | | |
| | | | | भिम वहादुर वलंम्पाखी मगर | १००० | २००० | ८५० | | |
| | | | | रमेश कुमार साह | १००० | २००० | ८५० | | |
| | | | | रामचन्द्र न्यौपाने | १००० | २००० | ८५० | | |
| | | | | भोगवहादुर राई | १००० | २००० | ८५० | | |
| | | | | दिपक तिम्सिना | १००० | २००० | ८५० | | |
| | | | | सुसिला घिमिरे | १००० | २००० | ८५० | | |
| | | | | जम्मा | | | ११०५० | | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>२८</td><td></td><td></td><td>

**बिल भरपाई पेश नभएको**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(५) मा खर्च गर्दा खर्चको बिलभरपाई सहित लेखा राख्नुपर्ने व्यवस्था छ । तर कार्यालयले देहायअनुसारको भुक्तानीमा बिल भरपाई नराखी भुक्तानी गरेकोले खर्च पुष्टि गर्ने वास्तविक प्रमाण पेश हुनुपर्ने रु

<table>
<tr><th>भौ. नं.मिति</th><th>विवरण</th><th>रकम</th></tr>
<tr><td>१६६।२०७८।१२।२१ समानिकरण चाँलु</td><td>कन्काइ एग्रोभेटवाट रु ५५४६२ को मकै विउ खरीद भएकोमा विउ वितरणको भर्पाइ पेश नभएको</td><td>५५४६२</td></tr>
<tr><td>३०८।०७८।३।२१ समानिकरण चाँलु</td><td>फलामे चुलो ६० थानको वितरण भर्पाइ पेश नभएको रु १९६९५९</td><td>१९६९५९</td></tr>
<tr><td>३३३।०७८।३।२४ समानिकरण चाँलु</td><td>प्रभाव पव्लिकेशन प्रा लि विजक पेश नभएको</td><td>२००००</td></tr>
<tr><td>४२५।०७८।३।३० समानिकरण चाँलु</td><td>भ्रमण खर्च भुक्तानी भ्रमण आदेश र भ्रमण विल वेगर</td><td>४५०००</td></tr>
<tr><td colspan="2">जम्मा</td><td>३१७४२१</td></tr>
</table>

(कार्यालियको मिति २०७८।७।२६, च. नं. ३८१ को प्रतिक्रिया उपर कारवाही हुंदा यस वुंदामा रहेको रु 308821 फछ्र्यौट भएकोमा NAMS DIGITALIZATION गर्दा अभिलेख देखिने सम्म प्रयोजनका लागी यहाँ दर्शाईएको छ ।)

</td><td>८,६००</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २९ | १२२ | २०७७-११-१९ | **पुरुष भलिवल**<br>आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(५) मा खर्च गर्दा खर्चको बिलभरपाई सहित लेखा राख्नुपर्ने व्यवस्था छ। पालिकाले पुरुष भलिवल कार्यक्रममा भुक्तानी गर्दा खर्चको पुष्टि गर्ने प्रमाण बिल भरपाईमा उल्लेख भएको खर्च रकम भन्दा रु.१२५१५ बढी भुक्तानी गरेकोले असुल गरी स्थानीय कोषमा दाखिला गर्नुपर्ने रु. | १२,५१५ |
| ३० | २०२ | २०७८-१२-३० | **वढि भुक्तानी**<br>आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(५) मा खर्च गर्दा खर्चको बिलभरपाई सहित लेखा राख्नुपर्ने व्यवस्था छ । कार्यालयले ७५ प्रतिशत अनुदानमा मकै विउ वितरणमा खर्च गरेको रु १५८४०० मध्ये रु १४६२०० को मात्र विजक पेश भएकोमा रु १२२०० को बिजक पेश गर्नुपर्ने रु<br>(कार्यालियको मिति २०७८।७।२६, च. नं. ३८१ को प्रतिक्रिया उपर कारवाही हुंदा यस वुंदामा रहेको रु १२२०० फछ्यौंट भएकोमा NAMS DIGITALIZATION गर्दा अभिलेख देखिने सम्म प्रयोजनका लागी यहाँ दर्शाईएको छ ।) | |
| ३१ | | | **सुत्केरी भेट कार्यक्रम**<br>सुत्केरी महिलाहरुलाइ रु ५००० का दरले यातायात खर्च भनी वितरण गरेको पाइयो । त्यसैगरी संघ ससर्त चालु कार्यक्रममा समेत सुत्केरी प्रोत्साहन खर्च २००० का दरले भुक्तानी भएको देखिन्छ । यसरी एकै खालको कार्यक्रम संचालन गर्दा लाभग्रही ले दोहोरो सुविधा पाउने सम्भावना बढेर गएको देखिन्छ । एकै प्रकृतिको कार्यक्रमहरु मा रु १३००००० खर्च गरेको छ । संघ ससर्तमा कार्यक्रम रहेकोमा स्थानियले तहले समेत समानिकरण चालु वाट एकै किसिमको कार्यक्रम संचालन गरी भुक्तानी भएको रकम दोहोरो सुविधा देखिएकोले यकिन गर्न नसकिएको हुदा छानविन गरी एकिन गर्नुपर्ने रु | १,३००,००० |
| ३२ | १८७ | २०७७-१२-२५ | **खर्चका विल भर्पाइ भन्दा वढी भुक्तानी**<br>आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(५) मा खर्च गर्दा खर्चको बिलभरपाई सहित लेखा राख्नुपर्ने व्यवस्था छ । फणिन्द्र कटुवालको पेश्की फछ्यौंट गर्दा रु ५७५० पेश भएको विल भर्पाई भन्दा वढी भुक्तानी भएकोले वढी रकम असुल गर्नुपर्ने रु<br><br>(कार्यालियको मिति २०७८।७।२६, च. नं. ३८१ को प्रतिक्रिया उपर कारवाही हुंदा यस वुंदामा रहेको रु ५७५० फछ्यौंट भएकोमा NAMS DIGITALIZATION गर्दा अभिलेख देखिने सम्म प्रयोजनका लागी यहाँ दर्शाईएको छ ।) | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>३३</td><td></td><td></td><td>न्यायिक समिति वैठक भत्ता<br>गाँउ तथा नगर सभाका पदाधिकारीको सेवा सुविधा सम्वन्धी ऐन २०७५ वमोजिम गाँउपालिकामा न्यायिक निरुपणको लागिक उपाध्यक्ष अध्यक्षतामा न्यायिक समिति रहने व्यवस्था गरेको छ । न्यायिक समिति न्यायिक कार्य गर्न संविधान द्वारा नै व्यवस्था गरिएको निकाय हो । तसर्थ न्ययिक समितिको निर्णय भए सम्म न्यायिक निर्णय सगं सम्बन्धित हनुपर्दछ । तर पालिकाले न्यायिक बैठकमा प्रशासनिक निर्णय समेत गरेर रु ३७४०० भत्ता भुक्तानी गरेको अनियमित रु</td><td>३७,४००</td></tr>
<tr><td>३४</td><td></td><td></td><td>भुक्तानीमा कर<br>आयकर ऐन, २०५८ को दफा ८८ र ८९ मा भुक्तानीमा अग्रिम कर कट्टा गर्नुपर्ने व्यवस्था छ । पालिकाले देहायको भुक्तानी गर्दा अग्रिम कर वापतको रकम कट्टा नगरी भुक्तानी गरेकोले रु. असुल संघीय सञ्चित कोषमा दाखिला गर्नुपर्ने रु.
<table>
<tr><th>भौ नं मिति</th><th>विवरण</th><th>भुक्तानी रकम</th><th>नपुग /कर रकम</th></tr>
<tr><td>१०७।०७८।१०।१२ समानिकरण चाँलु</td><td>लोक सास्कृतिक नाटक निर्माण तथा प्रहलसन कलाकार पारीश्रमिक</td><td>३०५०००</td><td>३९२५०</td></tr>
<tr><td>१४७।०७८।३।२७ संघ ससर्त</td><td>विशवराज दाहाल पोषण विशेष कार्यक्रम</td><td>८००००</td><td>८६४०</td></tr>
<tr><td>जम्मा</td><td></td><td>३८५०००</td><td>४७८९०</td></tr>
</table>
(कार्यालियको मिति २०७८।७।२६, च. नं. ३८१ को प्रतिक्रिया उपर कारवाही हुंदा यस वुंदामा रहेको रु ८६४० फछ्र्यौट भएकोमा NAMS DIGITALIZATION गर्दा अभिलेख देखिने सम्म प्रयोजनका लागी यहाँ दर्शाईएको छ ।)</td><td>३९,२५०</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३५ | | | **अनुदान प्राप्ति, वितरण र फिर्ता**<br>**अनुदानको अनुगमन** – सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको एकीन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ । तर पालिकाले स्वास्थ्य कृषि, पशु, शैक्षिक सेवा, सामान खरिदमा तथा विभिन्न सहकारी संस्थालाई अनुदानमा खर्च लेखेका छन् । तर पालिकाबाट बितरण भएको अनुदानको सहि सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलव्धी मापन गरेको छैन । साथै अनुदान सम्बन्धमा स्थानीय अनुदान नीति तय गरेका छैनन् । तसर्थ अनुगमनलाई प्रभावकारी वनाई संघ, प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी अनुदानग्राहीको जीबनस्तरमा सुधार आएको यकिन गरी रकमको पूर्ण सदुपयोग गराउनेतर्फ ध्यान दिनुपर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३६ | | | **आन्तरिक आय**<br>कार्यालयले यो वर्ष (राजस्व बाँडफाँड र गत वर्षको नगद मौज्दात बाहेक) आन्तरिक आयमा देहाय अनुसारको शिषर्षकमा जम्मा रु. ३७६६५४५ प्राप्त गरेकोमा पालिका अन्तर्गतका ९ वटा वडाको आम्दानी समेत एकमुष्ट केन्द्रले दाखिला गर्ने गरेको देखियो । वडा कार्यालयहरुमा आयको दैनिक प्राप्ती खाता, आयको मासिक विवरण समेत वनाउने गरेको देखिएन । जसबाट कुन वडाले पालिकाको आयमा के कति योगदान गरेको छ यकिन हुन सकेन । आन्तरिक आयको दैनिक प्राप्ती खातामा अभिलेख गरि सोहि दिन दाखिला गर्ने गरि व्यवस्था मिलाउनुपर्ने देखिन्छ । प्रत्येक वडाले मासिक आय विवरण तयार गरि केन्द्रमा (पालिका) पठाउने र पालिकाले वडागत विवरण समेत देखिने गरी मासिक र वार्षिक आय विवरण तयार गर्नुपर्ने देखिन्छ । | |

| सि नं | शिर्षक | रकम |
|---|---|---|
| १ | गिटी बालुवा पटके | ११४६३७५ |
| २ | कवाडी निकासी | २२२९० |
| ३ | इजाजत नवीकरण | ६००० |
| ४ | संस्था दर्ता | २००० |
| ५ | घर बहाल | २५१०७ |
| ६ | व्यवसाय दर्ता | १६७०० |
| ७ | जे सि वि शुल्क | १५९९०० |
| ८ | अन्य दस्तुर | २१४६७८१ |
| ९ | मालपोत दस्तुर | २४१३९२ |
| | **जम्मा** | **३७६६५४५** |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
| --- | --- | --- | --- | --- |
| | | | | |
| ६४ | | | **आयकर एवं मू.अ.कर**<br>**नन्फाइलर** – मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १८ मा भुक्तानीमा प्राप्त मूल्य अभिवृद्धि करको विवरण भुक्तानी पाएको अर्को महिनाको २५ गतेभित्र सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा कर विवरण सहित दाखिला गर्नुपर्ने व्यवस्था छ । पालिकाले देहायका फर्मलाई मू.अ.कर सहित रु.२७२७६६ भुक्तानी दिएकोमा उक्त फर्महरुको पान सर्च गर्दा लेखापरीक्षण अवधिसम्म पनि ती फर्महरु कर विवरण नबुझाई नन्फाईलर रहेको पाइयो । कानूनी व्यवस्थाअनुसार विवरण नबुझाएकोले कर समायोजन भएको प्रमाण पेश हुनुपर्ने रु. | ३५,४५९ |

| भौ. नं. | विवरण | फर्मको नाम | भुक्तानी रकम भ्याट बाहेक | मु अ कर रकम |
|---|---|---|---|---|
| २२०।०७८।३।८ गा पा पुँजीगत | राघवपुर भालुखोला ग्याविन वाल | युवुल्स इन्जिनियरिङ ग्रिल उद्योग प्यान नं ६१३११८३३८ बिजक नं ४८ | १३०००० | १६९०० |
| २९९।०७८।३।२२ गा पा पुँजीगत | श्री देविस्थान आ वि | आशिर्वाद ट्रेडर्स प्रा लि प्यान नं ६६०४२६५३७९ | १४२७६६ | १८५५९ |
| जम्मा | | | | ३५४५९ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ६५ | | | **गा पा पुँजीगत**<br>एजविल्ट नक्सा पेश नभएको - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२५(१) मा खरिद सम्झौता बमोजिम निर्माण कार्य सम्पन्न भएको तीस दिन भित्र सम्वन्धित निर्माण व्यवसायीले निर्माण भए बमोजिमको एज विल्ट नक्सा सार्वजनिक निकायमा पेश गर्नुपर्ने व्यवस्था छ । यस बर्ष निर्माण सम्पन्न गरेको विभिन्न निर्माण कार्यहरुको निर्माण भए बमोजिमको नक्सा पेश गरेको देखिएन सम्झौताको शर्तमा समेत नक्सा पेश गर्ने उल्लेख गरेको देखिएन ।सम्पन्न योजनामा एजविल्ट नक्सा पेश भएको नपाइएकोले नियममा भएको व्यवस्था अनुसार कार्य हुनुपर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ६६ | | | **मर्मत सम्भार कोष**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को नियम उपनियम (३) मा सम्पन्न निर्माण कार्यको सञ्चालन वा मर्मत सम्भार उपभोक्ता समिति वा लाभग्राही समुदायले गर्नुपर्ने, सोही नियमावलीको उपनियम (१५) मा उपभोक्ता समिति वा लाभग्राही समुदायले सम्पन्न आयोजनाको सेवा उपयोग गरे वापत उपभोक्ताले तिर्नुपर्ने सेवा शुल्क तोकी शुल्क जम्मा गर्ने कुनै कोष खडा गरी सोही कोषबाट त्यस्तो निर्माण कार्य सञ्चालन तथा मर्मत, सम्भार गर्नुपर्ने व्यवस्था छ । विभिन्न योजना सञ्चालन गर्न सम्बन्धित उपभोक्ता समितिसँग गरेको सम्झौतामा मर्मत सम्भारको जिम्मा सम्बन्धित उपभोक्ता समितिले लिनुपर्ने उल्लेख भए तापनि सम्पन्न आयोजना मर्मत सम्भारका लागि कतिपय उपभोक्ता समितिहरुले मर्मत सम्भार कोषको व्यवस्था गरेको पाइएन । अतः निर्मित आयोजनाहरुको सु–सञ्चालन तथा दिगोपनाको लागि मर्मत सम्भार कोषको व्यवस्था गरिनुपर्दछ । | |
| ६७ | | | **नापी किताब**<br>निर्माण कार्यको विस्तृत अभिलेखाकनका लागि स्वीकृत ढांचाको नापी किताबमा ठेक्का नम्बर आर्थिक वर्ष, कार्यालयको नाम, निर्माण व्यवसायीको नाम, कामको नाम र स्थान, चेनेज, काम शुरु भएको मिति, सम्पन्न हुनुपर्ने मिति र सम्पन्न भएको मितिका साथै अघिल्लो बिलसम्म भएको कामको परिमाण र भुक्तानी रकम, हालको बिलबाट भएको कामको परिमाण र भुक्तानी हुने रकम समेत हालसम्म भएको कामको परिमाण र रकम समेत स्पष्ट रुपमा उल्लेख हुनुपर्ने व्यबस्था छ । पलिकाले अधिकांश योजना एवं ठेक्का कार्यको लागि रनिङ बिल अनुसार नापी किताब लुज सिट मा तयार गरेको पाईयो । तोकिएको ढांचामा सबै व्यहोरा खुलाई एउटै नापी किताव नराखी ठेक्का बिल अनुसार अलग अलग नापी किताब तयार गर्दै भुक्तानी गर्नाले नियमावलीको व्यवस्था अनुसार आवश्यक सुचना अभिलेख पाइएन । स्वीकृत ढांचा बमोजिमको नापी किताव प्रयोगमा ल्याईनु पर्दछ । | |
| ६८ | | | **नाफामूलक संस्थालाई अनुदान**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ वितरणमुखी खर्चलाई नियन्त्रण गर्दै संघ तथा प्रदेश सरकारबाट प्राप्त रकमलाई स्थानीय पूर्वाधार विकास तथा दीर्घकालीन पुजी निर्माण हुने कार्यमा खर्च गर्नुपर्दछ । जसबाट नाफा कमाउने उद्धेश्यले स्थापित संस्थालाई अनुदान उपलब्ध गराउन मिल्दैन । तर पालिकाले यस वर्ष दिङ्ला विद्युत सहकारी संस्थालाई रु.७२००० अनुदान उपलब्ध गराएको देखिन्छ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ६९ | | | **पाइप खरिद**<br>सार्वजनिक खरिद ऐन २०६४ को नियम १० मा निर्माण कार्यको लागत अनुमान वनाउनुपर्ने व्यवस्था छ । पालिकाले २०७८ अषाढ महिनामा विभिन्न मितिवाट खानेपानी को पाइप खरिद गरी रु ७४७५८९४। खर्च गरेको पाइयो । इप खरिद गर्नु अघि पाइप खपत गरिने योजनाको लागत अनुमान स्वीकृत नगरी पाइप मात्र खरिद गरी खर्च गरेकोम उक्त पाइपहरु सम्वन्धित योजनामा जडान गरेको प्रमाण पेश हुनुपर्ने रु<br>भौ. नं. र मिति \| **विवरण** \| **पाइपको परिमाण** \| **रकम**<br>२७९।०७८।३।२० \| वडामा पाइप खरिद \| २०० \| १०००००<br>३४९।०७८।३।३० \| नमुना हार्डवेयरवाट पाइप खरिद \| १४५० \| ४९८१०४<br>३५०।०७८।३।३० \| नमुना हार्डवेयरवाट पाइप खरिद \| १२६ \| १४७७९०<br>**जम्मा** \| \| \| **७४५८९४**<br>(कार्यालियको मिति २०७८।७।२६, च. नं. ३८१ को प्रतिक्रिया उपर कारवाही हुंदा यस बुंदामा रहेको रु ७४५८९४ फछ्र्यौटको लागि अनुरोध भएकोमा आवश्यक प्रमाण पेश नभएकोले फछ्र्यौट नहुने व्यहोरा जानकारी गराइन्छ ।) | ७४५,८९४ |
| ७० | ३३९ | २०७८-३-२७ | **कर कट्टा**<br>आयकर ऐन २०५८ को दफा ८८ र ८९ मा स्रोतमा कर कट्टी गर्नुपर्ने व्यवस्था छ । पालिकाले सिभिक इन्जिनियरिङ कन्सल्टेन्सी प्रा लि लाई रु ५२२१२३ भुक्तानी गर्दा अग्रिम आयकर वापतको रकम रु ७८३१ कट्टा गरेको नदेखिएको हुदा असुल गरी संघीय सञ्चित कोषमा दाखिला गर्नुपर्ने रु | ७,८३१ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ७१ | | | **उपभोक्ता समिति मार्फत कार्य**<br>**उपभोक्ता समिति** — विभिन्न खरिद कार्यको लागी उपभोक्ता समितिको गठन गर्दा स्थानीय जनसमुदायहरुको प्रतिनिधित्व हुने गरी ७ जना देखि १० जना सम्मको उपभोक्ता समिति पालिकाले गठन गरी दिनु पर्ने हुन्छ । नियमानुसार गठित उपभोक्ता समिति सङ्ग पालिकाले सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ अनुसार खरिद कार्य गर्न सक्ने छ । पालिकाके सडक निर्माण कार्य गर्दा दुइ वा सो भन्दा बढी स्थानको साझा बाटो बनाउदा सबै स्थानवाट सदस्यहरु छनौट गरी उपभोक्ता समिति गठन गर्ने गरेको देखिन्छ । उदाहरणको रुपमा पालिकाले मोली सडक निर्माणको लागी उपभोक्ता समिति गठन गर्दा खानापाखा, खाता र फोक्सु गरी तीन स्थानवाट जाने हुदा तीन स्थानवाट सदस्यहरु छनौट गरी उपभोक्ता समिति गठन गरी योजना कार्यान्वयन गराएको देखिन्छ । यस्तो प्रकृतिको कार्य ठेक्का मार्फत गराउदा बढी प्रभावकारी र मितव्ययी हुने हुदा आगामी दिनमा यस्ता कार्य ठेक्का मार्फत गराउने तर्फ ध्यान दिनु पर्ने देखिन्छ । | |
| ७२ | | | **हेभी इक्विपमेण्टको प्रयोग**<br>मानेभञ्ञयाङ गाउँपालिका सार्वजनिक खरिद नियमावली, २०७६ को नियम 107 (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ । सो नियमावलीको प्रतिबन्धात्मक वाक्यांशमा लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिशमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने उल्लेख छ । पालिका अन्तर्गत सञ्चालित सडक निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धित योजनाका उपभोक्ता समितिहरुले डोजर, एक्साभेटर लगायतका हेभी मेशिन प्रयोग गर्ने गरेको पाइए तापनि नियमावलीको व्यवस्था बमोजिम सम्बन्धित प्राविधिकको सिफारिश गराई गाउँपालिकाको सहमति लिएको पाइएन । नियमाबलीको ब्यबस्था अनुरुप सहमती लिनु पर्दछ । यसका केही उदाहरण निम्नानुसार छन् । | |

| **भौ.नं. र मिति** | **योजनाको नाम** | **रकम** |
|---|---|---|
| १०९।०७७।१२।५ | ब्रोलोक देखी समाज कल्याण क्लव सम्म सडक | ३८४००० |
| ११७।०७७।१२।५ | मोलि सडक निर्माण | ९६०००० |
| १६०।०७७।१२।२४ | जनकल्याण आ वि खेलमैदान | २८८००० |
| १७९।०७७।१२।३० | थापागाउँ मो बा | २४९००० |
| २००।०७८।१।२१ | पराङ्गास सडक निर्माण | ४८०००० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|
| | | | २०१।०७८।१।२१ | पुछारटोल चक्मालु सडक | २८८००० | |
| | | | २१८।०७८।३।६ | बेल्टार देखि डाडाघर सम्म मोटर | ३७८८४४ | |
| | | | २२६।०७८।३।९ | छापागाउँ देउरालि कृषि सडक | ३८६००० | |
| | | | २२८।०७८।३।९ | राघवपुर धारापानी भालु खोला कृषि सडक | ३७७९६१ | |
| | | | २३५।०७८।३।१४ | लेवा लुते सडक | ५७६००० | |
| | | | २४४।०७८।३।१६ | छाँगा पानि घिमिरे सडक | ६०००५५ | |
| | | | २४८।०७८।३।१७ | राघवपुर फुम्लिङ खहरेखोला सडक | ८६४००० | |
| | | | २५४।०७८।३।१७ | कोल्टार खेति घर सिम्पानि | ४८०००० | |
| | | | ३०३।०७८।३।२२ | आलेटोल देखि मोलुङ खोला सम्म सडक | ११०४००० | |
| | | | जम्मा | | **7415860** | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ७३ | | | **जनश्रमदान**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(४) मा उपभोक्ता समिति वा लाभग्राही समुदायलाई निर्माण कार्यको बिल भुक्तानी दिँदा लागत अनुमानमा रहेको मूल्य अभिबृद्धि कर, ओभरहेड कन्टिन्जेन्सी रकम र जनसहभागीताको अंश कट्टा गरेर मात्र भुक्तानी दिनु पर्ने व्यवस्था छ । जस अनुसार निम्न निर्माण कार्य गर्दा उपभोक्ता समिति मार्फत गराउँदा उपभोक्ता समिति र पालिकाले बेहार्ने अंश उल्लेख गरी सम्झौता भएको देखिन्छ । तर पालिकाले देहायको योजनाहरुमा काम घटी भएको अवस्थामा सम्झौतामा उल्लेखित भन्दा कमको मात्र जनश्रमदान कट्टा गरी भुक्तानी गरेको देखिएको हुदा असुल गरी स्थानीय सञ्चित कोषमा दाखिला गर्नुपर्ने रु. | २१,८१७ |

| योजना | कार्यसम्पन्न भएको | सम्झौताको जनश्रमदान | भुक्तानी हुनुपर्ने | भएको | बढी |
|---|---|---|---|---|---|
| तिप्पुङ सिप्पानि मोटर बाटो | ९६१६७७ | १२७८९३ | ८३३७८४ | ८४३७८४ | ९६२० |
| वाक्सा खेल मैदान | ७६२३९३ | ८४८४४ | ६७७५४९ | ६८३१५५ | ५६०६ |
| रातामाटे कार्की वेशी सडक | १०४२८९० | १३७००० | ९०५८९० | ९१२४८१ | ६५९१ |
| **जम्मा** | | | | | **२१८१७** |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ७४ | १३, ८१ | २०७७-११-१७ | **बढी भुक्तानी**<br>सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३ को उपनियम १ मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नाप जाचँ गरी नापी किताब मा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी दिनु पर्ने व्यवस्था छ । पालिकाले पघरा सिफापु सडक योजनामा सम्झौता अनुसार रु १४१७०९५ को कार्यसम्पन्न हुदा जनश्रमदान रु १४२७५८ घटाइ रु १२७४३३६ भुक्तानी दिनुपर्नेमा रु १४४०००० भुक्तानी गरेको हुदा रु १६५६६४ बढी भुक्तानी भएको रकम असुल गर्नुपर्ने रु | १६५,६६४ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ७५ | ११४ | २०७७-१२-५ | **मुल्य अभिवृद्धि कर**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(४) मा उपभोक्ता समिति वा लाभग्राही समुदायलाई निर्माण कार्यको बिल भुक्तानी दिँदा लागत अनुमानमा रहेको मूल्य अभिबृद्धि कर, ओभरहेड कन्टिन्जेन्सी रकम र जनसहभागीताको अंश कट्टा गरेर मात्र भुक्तानी दिनु पर्ने व्यवस्था छ । पालिकाले समावेशी सडकको लागत अनुमान बनाउदा लागत रु १८८९७२२ मा मु अ कर रकम रु २२०८८४ सहित लागत अनुमान बनाएको र प्रथम र अन्तिम रनिङ बिलको भुक्तानी दिदा मु अ कर रकम सहित रु १९२०००० भुक्तानी दिएकोले उक्त रकम असुल गरी स्थानीय सञ्चित कोषमा दाखिला गर्नुपर्ने रु | २२०,८८४ |
| ७६ | | | **डीपीआर खर्च**<br>बजेट व्यवस्था भई कार्यान्वयन हुने आयोजनाको मात्र गुरुयोजना डीपीआर लगायतको अध्ययत गरी प्रतिवेदन तयार गर्नु पर्दछ । यस स्थानीय तहले यो बर्ष स्वीकृत बार्षिक कार्यक्रम अनुसार देहायबमोजिमको कार्य परामर्शदाताबाट गराई प्रतिवेदन प्राप्त गरको छ । | |

| सि नं | योजनाको नाम | परामर्श दाता | स्वीकृत वजेट -रु हजारमा _ | खर्च रकम | अध्यनवाट निर्धारण भएका आयोजनाको लागत -रु हजारमाf_ |
|---|---|---|---|---|---|
| 1 | फुटसल खेल मैदान | Geeta Civil Planer | २०० | २०० | १३१६१ |
| 2 | केतुके निसंखे सडक | Civic Engineering Consultant Pvt Ltd | ६०० | ५९० | १०२५११४ |
| 3 | दुधकोशी हिलेपानी लिफ्टिङ्ग आयोजना | Green Engineering Consultant Lahan ,Siraha | ५०० | ५०० | २२८७५३ |
| 4 | पंखुखोला मोली रामपुर खानेपानी योजना | Sunrise Engineering Consultant Lahan ,Siraha | ५०० | ५०० | ९२८७७ |
| 5 | ५ वेड आधारभुत अस्पतालको विस्तृत परीयोजना प्रतिवेदन | TrueBuilt Engineering Consultants Pvt. Ltd., Biratnagar, Morang. | १५०० | १४९२ | १५९६२७ |
| 6 | गाँउपालिका प्रशासकिय भवन | Ardent Consult Pvt. Ltd., Biratnagar, Morang. | १५०० | १४९२ | १३२२६० |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td></td><td>विस्तृत परियोजना प्रतिवेदन</td><td></td><td></td><td></td><td></td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td>४८००</td><td>४७७४</td><td>१६५१७९२</td></tr>
<tr><td></td><td></td><td></td><td></td><td></td><td></td></tr>
</table>
यस्तो अध्ययन कार्य गराउँदा लाग्ने खर्चको लागत अनुमान तयार गर्दा कुनै आधार नलिई स्वीकृत बजेट बमोजिमकै रकम खर्च गरेको उपयुक्त देखिएन । डी.पी.आर.तयार गर्दा गाऊँपालिकाको प्राविधिक जनशक्ति प्रयोग नगरेकोले आगामी दिनमा गाऊँपालिकाको प्राविधिक जनशक्तिबाट हुन सक्ने यस्तो कार्य गराउनु पर्दछ । साथै यसरी अध्ययन प्रतिवेदन तयार भएका आयोजनाहरु कार्यान्वयनमा गएको समेत नदेखिएकोले खर्चको सार्थकता समेत देखिएन ।</td><td></td></tr>
<tr><td>७७</td><td></td><td></td><td>प्रधानमन्त्री रोजगार कार्यक्रम<br>स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतहभित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम अन्तर्गत स्थानीय तहभित्रको राघवपुर भालुखोला कोल्टार ग्याविन वाल निर्माण कार्य लगायतका कार्यक्रम सञ्चालन गरी यस वर्ष २२१ जनालाई रोजगारी उपलव्ध गराई रु. १००५००४६ खर्च गरेको छ । लक्षित वर्गलाई औसतमा ६१ देखि ९२ दिन सम्म रोजगारी उपलब्ध गराई श्रमिक ज्याला, प्रशासनिक र कार्यक्रम खर्च समेत खर्च लेखेका छन् । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिंदैन ।</td><td></td></tr>
<tr><td>७८</td><td></td><td></td><td>सामाजिक सुरक्षातर्फ</td><td></td></tr>
<tr><td>७८.१</td><td></td><td></td><td>सामाजिक सुरक्षा कार्यक्रम अन्तर्गत भत्ता वितरण गर्दा सामाजिक सुरक्षा ऐन-२०७५, सामाजिक सुरक्षा नियमावली-२०७६, सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि-२०७५, विद्युतिय प्रणालीबाट सामाजिक सुरक्षा भत्ता भुक्तानी रणनीति-२०७४ को प्रावधान बमोजिम गर्नु पर्ने व्यवस्था छ । सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ ले लाभग्राहीको नाम दर्ता र नवीकरण, लगत कट्टा तोकिएको मिति भित्रै परिचयपत्र अनिवार्य रुपमा नवीकरण गरी सामाजिक सुरक्षा भत्ता वितरण गर्नुपर्ने, प्रत्योक बर्ष लगत अध्यावधिक गरी लाभग्राहीको संख्या यकिन गर्नुपर्ने, भत्ता वितरण गर्दा बैंक मार्फत भत्ता वितरण गर्नुपर्ने, सामाजिक सुरक्षा कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चलान गर्न नियमित रुपमा अनुगमन गर्नुपर्ने, केन्द्रिकृत सूचना प्रणालीमा प्रविष्टी गरि अधावद्यिक गर्ने जिम्मेवारी सामाजिक सुरक्षाको अख्तियारी पाउने सम्वन्धित स्थानीय निकायको हुने व्यवस्था गरेको छ । यस सम्बन्धमा देखिएका व्यहोराहरुः</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ७८.२ | | | पालिकालाई सामाजिक सुरक्षा कार्यक्रमको लागि यो वर्ष नेपाल सरकारबाट रु. ६१५६१५०५ निकासा प्राप्त भएको छ ।आन्तरिक लेखापरीक्षणबाट निकासा रकम मध्ये रु. ६१०६०९६० खर्च भई बाँकी रकम रु.५००५४५ राजश्व शिर्षक १५१११ मा दाखिला भएको प्रतिवेदन प्राप्त भएको छ । | |
| ७८.३ | | | पालिकाले यो वर्ष तेश्रो चौमासिक देखी वैंकिङ्ग प्रणाली मार्फत भत्ता वितरण गरेको छ । भत्ता वितरण गर्दा कानूनमा व्यवस्था भए बमोजिमको Reverse Feed र Forward Feed को प्रयोग गरेको पाईएन । राष्ट्रिय वाणिज्य बैङ्क को नाममा लाभग्राहीहरुको नाम उल्लेख गरी रु २१०१३४३१ पठाएकोमा सम्बन्धितको खातामा ट्रान्सफर गरेर बैङ्कले पालिकालाई जानकारी नगराएको हुदा सम्बन्धित लाभग्राहीले रकम प्राप्त गरे नगरेको एकिन गर्न सकिएन । तसर्थ बैङ्कवाट सम्बन्धित लाभग्राहोको खातामा रकम ट्रान्सफर नभएको रकम एकिन गरी फिर्ता गर्नुपर्ने देखिन्छ । | |
| ७८.४ | | | सामाजिक सुरक्षा नियमावली २०७६ को नियम ९ अनुसार प्रत्येक आ=व=को श्रावण मसान्त भित्र लाभग्राहीको परिचयत्र नविकरण गर्नुपर्ने र नियम ११ मा नियम ५ अनुसार छनौट भएका लाभग्राहीलाई तोकिएनुसारको समयपछि भत्ता वितरण हुनुपर्ने व्यवस्था रहेको छ । गाउँपालिकाबाट नविकरण सम्बन्धमा विवरण प्राप्त नभएकोले यस सम्बन्धमा एकिन गर्न सकिएन । | |
| ७९ | | | **सवारीसाधन खरिद**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४, केन्द्रीय सरकार र तालुक संघीय मन्त्रालयको परिपत्र, निर्देशन समेतको आधारमा आफ्नो आन्तरिक आम्दानीबाट मात्र सवारी साधन खरिद गर्नु पर्नेमा केन्द्रीय सरकारको वित्तिय समानिकरण अनुदानको मौज्दात रकमबाट सवारी साधन खरीद गरी भुक्तानी दिन मिल्ने देखिदैन । अर्थ मन्त्रालयको स्थानीय तहमा बजेट तर्जुमा कार्यान्वयन आर्थिक व्यवस्थापन तथा सम्पती हस्तान्तरण सम्बन्धी निर्देशिका, २०७४ को निर्देशन नं. ५.१५ अनुसार नेपाल सरकारबाट उपलब्ध गराइएको बजेट तथा स्रोत साधनबाट कार्यालयको नियमित प्रयोजनको लागि सवारी साधन खरिद गर्न नपाईने व्यवस्था छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार पालिकाले २ थान मोटरसाइकल खरिदमा रु ३४७००० खर्च गरेको छ। निर्देशिकाको पालना गरेर मात्र सवारी साधन खरिदमा खर्च गर्नुपर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ८० | | | **विपद् व्यवस्थापन तर्फ**<br>**वार्षिक प्रतिवेदन** – विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा ४५ मा स्थानीय विपद् व्यवस्थापन समितिले प्रत्येक आर्थिक वर्षमा गरेको कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी जिल्ला विपद् व्यवस्थापन समिति तथा प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति समक्ष पेस गर्नुपर्ने व्यवस्था छ । पालिकाले विपद् व्यवस्थापन कार्यमा रु कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी सम्बन्धित समितिमा पेस गरेको पाइएन । ऐनमा भएको व्यवस्थाको पालना हुनुपर्दछ । | |
| ८१ | | | **धरौटी तर्फ** | |
| ८१.१ | | | स्थानिय सरकार संचालन ऐन २०७४ को दफा ७९ मा स्थिनय तहले आफ्नो कारोवारको लेखा महालेखा परीक्षकवाट स्वीकृत ढाँचामा राख्नुपर्ने व्यवस्थ छ । पालिकाको धरौटी खातामा गत वर्षको अल्या रु १४१९९९९ रहेकोमा यो वर्ष रु १३८५५० थप भई जम्मा रु १५५८५४९ आम्दानी बाँधेकोमा रु १२०७४११ फिर्ता तथा खर्च भई रु ३५११३८ मौज्दात रहेको देखिन्छ । व्यक्तिगत धरौटी खाता अध्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ । कार्यालयले व्यक्तिगत धरौटी खाता राखेको पाइएन । व्यक्तिगत धरौटी खाता नराख्दा धरौटी फिर्ता र बाँकीको अवस्था यकिन नहुने हुनाले नियमावलीमा व्यवस्था भए बमोजिम धरौटी खाता प्रयोगमा ल्याउनुपर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
| --- | --- | --- | --- | --- |
| ८१.२ | | | प्रदेश आर्थिक कार्यविधि नियमावली २०७५ को नियम ६६ मा ठेक्कामा भाग लिन जम्मा गरेको धरौटी रकम फिर्ता गर्दा नगदी रसिद वा बैंक भौचरको प्रमाणको आधारमा गर्नुपर्ने व्यवस्था छ । कार्यालयले निम्नानुसारका निर्माण व्यवसायिको धरौटी फिर्ता गर्दा धरौटी राखेको प्रयोजन र फिर्ता गर्नुपर्ने कारण स्पष्ट नखुलाई र धरौटी जम्मा गर्दाको नगदी रसिद वा बैंक भौचर प्रमाण समेत संलग्न नगरी धरौटी फिर्ता गरेको पाइयो । धरौटीको व्यक्तिगत अभिलेख खाता समेत नराखेको अवस्थामा वास्तविक फिर्ता गर्नुपर्ने धरौटी भए नभएको यकिन गर्न सकिएन । धरौटीको व्यक्तिगत अभिलेख खाता राख्नुपर्ने देखिन्छ । | |

| भौ.नं./मिति | विवरण | रकम |
| --- | --- | --- |
| १।०७७।६।१३ | वाम्वुले कन्स्ट्रक्सन | १९०७८३ |
| ३।०७७।९।२३ | प्रविण हाउसिङ | ७९९२२५ |
| ४।०७७।१०।१६ | गौतम इन्जिनियरिङ | २०००० |
| ५।०७७।११।२० | सिद्धिविनायक केवल नेटवर्क | २८००० |
| ६।०७८।२।३० | एसपी निर्माण सेवा | १६९४०३ |
| **जम्मा** | | **१२०७४११** |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>८१.३</td><td></td><td></td><td>धरौटी फिर्ता :- सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२४ (२) मा कार्यालयले निर्माण लगायत अन्य खरिद कार्यको भुक्तानी गर्दा कट्टा गरेको रिटेन्शन मनि फिर्ता गर्दा पालना गर्नुपर्ने सम्बन्धमा व्यवस्था छ । आन्तरिक राजस्व विभागको परिपत्र अनुसार निर्माण व्यवसायीको धरौटी फिर्ता गर्दा सम्बन्धित आय वर्षको कर चुक्ता प्रमाण पत्र र मू.अ.कर समायोजन समेतको प्रमाण लिएर मात्र धरौटी फिर्ता गर्नुपर्नेमा कार्यालयले निम्नानुसारका निर्माण व्यवसायीलाई विक्रेताको धरौटी फिर्ता गर्दा सो अनुसार नगरी फिर्ता गरेकोले मु अ कर समायोजनको प्रमाण पेश हुनुपर्ने रु...
<table>
<tr><th>भौ.नं./मिति</th><th>फर्मको नाम</th><th>धरौटी रकम</th><th>कैफियत</th></tr>
<tr><td>३।०७७।९।२३</td><td>प्रविण हाउजिङ</td><td>७९९२२५</td><td>मू.अ.कर समायोजन प्रमाण पेश नभएको</td></tr>
<tr><td>६।०७८।२।२४</td><td>एसपी निर्माण सेवा</td><td>१६९४०३</td><td>मू.अ.कर समायोजन प्रमाण पेश नभएको</td></tr>
<tr><td>२।०७७।६।१३</td><td>वाम्वुले कन्स्ट्रक्सन</td><td>१९०७८३</td><td>मू.अ.कर समायोजन प्रमाण पेश नभएको</td></tr>
<tr><td>जम्मा</td><td></td><td>११५९४११</td><td></td></tr>
</table>
</td><td>१,१५९,४११</td></tr>
<tr><td>८२</td><td></td><td></td><td>विविध कोष तर्फ<br>पालिकाको विविध कोषमा गत वर्षको अल्या रु १२३८७ रहेकोमा यो वर्ष थप रु १९५२२६८ भई जम्मा रु १९६४६५५ आम्दानी भएकोमा यो वर्ष रु ८०६६८३ खर्च भई रु ११५७९७१ मौज्दात रहेको देखिन्छ ।</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ८३ | | | **पेश्की बाँकी**<br>आर्थिक कार्यविधि नियमावली तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ४७ अनुसार चालु वर्षको अन्तमा फछ्यौंट गर्न बाँकी पेश्की फछ्यौंट गरी सक्नुपर्ने छ । तर पालिकाले वर्षान्त सम्ममा पनि देहाय अनुसारको पेश्की फछ्यौंट नगरेको देखिएको रु. | ६५०,००० |

| **कार्यक्रमको नाम** | **पेश्की लिनेको नाम** | **रकम** |
|---|---|---|
| विद्यालय भौतिक पुर्वाधार निर्माण अनुदान | धिमिरे आ वि | ६५०००० |
| **जम्मा** | | **६५००००** |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ८४ | | | **म्याद रहेको पेश्की**<br>आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ४७ पेश्की फछ्र्यौट सम्वन्धी व्यवस्था रहेको छ । यस वर्ष पालिकाले निर्माण व्यवसायी र संस्थालाई दिएको पेश्की मध्ये २०७७ आषाढ सम्म फछ्र्यौट नभई बाँकी रहेको निम्नानुसारको म्याद ननाघेको पेश्की रकम असुल फछ्र्यौट हुनुपर्दछ । | |

| सि नं | नाम | कामको विवरण | रकम |
|---|---|---|---|
| १ | एम एस खानी स्वामी नारायण जे भी | विद्यालय भौत्तिक पुर्वाधार | ६४४७००० |
| २ | स्वर्णान्तराल आ वि | विद्यालय भौत्तिक पुर्वाधारु | २१०००० |
| ३ | श्री कालिका आ वि | विद्यालय भौत्तिक पुर्वाधारु | २१०००० |
| ४ | श्री कालिका मा वि | शैक्षिक गुणस्तर सुदृढिकरण | १०४००० |
| ५ | श्री कालिका मा वि | शैक्षिक गुणस्तर सुदृढिकरण | ७८००० |
| ६ | श्री कालिका मा वि | शैक्षिक गुणस्तर सुदृढिकरण | ४६८००० |
| ७ | वल वहादुर प्रतिष्ठान निर्माण उ स | वल वहादुर प्रतिष्ठान भवन | २८८००० |
| | **जम्मा** | | **७८०५०००** |

(कार्यालियको मिति २०७८।७।२६, च. नं. ३८१ को प्रतिक्रिया उपर कारवाही हुंदा यस वुंदामा रहेको रु ६४४७००० फछ्र्यौट भएकोमा NAMS DIGITALIZATION गर्दा अभिलेख देखिने सम्म प्रयोजनका लागी यहाँ दर्शाईएको छ ।)

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>८५</td><td></td><td></td><td>

**अनुगमन तथा सम्परीक्षण**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ मा बेरुजू फछ्र्यौट गर्ने व्यवस्था रहेको छ । सोही एनको दफा ८४(२)(घ) मा बेरुजू फछ्र्यौट गर्ने गराउने काम कर्तव्य प्रमुख प्रशासकीय अधिकृतको हुने व्यवस्था छ । यो वर्षको लेखापरीक्षणको क्रममा भई सम्परीक्षण भई गत बर्षसम्मको बाँकी बेरुजु निम्नानुसार रहेको छ ।

<table>
<tr><th>गत वर्षसम्मको बाँकी बेरुजू (A)</th><th>यो वर्ष संपरीक्षण गरिएको बेरुजू(B)</th><th>गत बर्षसम्मको बाँकी बेरुजू (C=A-B)</th></tr>
<tr><td>३४०७७</td><td>२४२२</td><td>३१६५५</td></tr>
</table>

</td><td></td></tr>
<tr><td>८६</td><td></td><td></td><td>

यस वर्ष फछ्र्यौट भएको वेरुजुको स्थिति निम्नानुसार रहेको छ ।

<table>
<tr><th rowspan="2">सि.नं.</th><th rowspan="2">आ.व.</th><th rowspan="2">वेरुजु दफा नं.</th><th rowspan="2">वेरुजुको संक्षिप्त व्यहोरा</th><th colspan="4">फछ्र्यौटको आधार</th><th>सम्परीक्षण</th></tr>
<tr><th>असुली</th><th>प्रमाण</th><th>नियमित</th><th>पेश्की</th><th></th></tr>
<tr><td>1.</td><td>०७४।७५</td><td>२२</td><td>उपभोत्ता समितिलाई पेश्की</td><td>२०१६००</td><td></td><td></td><td></td><td>२०१६००</td></tr>
<tr><td>2.</td><td>२०७६। ७७</td><td>९</td><td>मू अ कर कट्टी वाँकी</td><td></td><td>३०२७८</td><td></td><td></td><td>३०२७८</td></tr>
<tr><td>3.</td><td>२०७६। ७७।</td><td>१२</td><td>ससर्तकन्टिजेन्सी कट्टी</td><td>४९६०००</td><td></td><td></td><td></td><td>४९६०००</td></tr>
<tr><td>4.</td><td>२०७६।</td><td>३६</td><td>च्याक खोला सिंचाइ पेश्की</td><td></td><td></td><td></td><td>४०१०००</td><td>४०१०००</td></tr>
</table>

</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | ७७ | | | | | | | |
| 5. | २०७६।७७ | ३६ | च्याङखोला सिचाइ जल उ स पेश्की | | | | ५३३००० | ५३३००० |
| 6. | २०७६।७७ | ३६ | सिम्काकु पुचछारकुलो पेश्की जल उ स | | | | ५६०००० | ५६०००० |
| 7. | २०७६।७७ | ३६ | राजु तामङ जेष्ठ नागरिक र वालवालिका लक्षित कार्यक्रम | २००००० | | | | २००००० |
| **जम्मा** | | | | | | | | **२४२१८७८** |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ८७ | | | अद्यावधिक वेरुजु<br>यस पालिकाको २०७६।७७ सम्मको फछ्यौट गर्न बाँकी बेरुजुको स्थिति देहायअनुसार रहेको छ<br>रु हजारमा | |

| गत वर्षसम्मको बाँकी बेरुजू (A) | यो वर्ष संपरीक्षण गरिएको बेरुजू(B) | यो वर्ष कायम बेरुजू(C) | संपरीक्षणबाट कायम बेरुजू(D) | अध्याविधक बाँकी बेरुजू (E=A-B+C+D) |
|---|---|---|---|---|
| ३४०७७ | २४२२ | १३२५८ | ० | ४४९१३ |